**नेपालस्थित अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको संगठन (AIN) द्वारा  सिफारिस गरिएका सिद्धान्त तथा सञ्चालन निर्देशिका/नेपालका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुका लागि आधारभूत नियमहरु**

---

हामी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु (अगैसस) को नेपालमा गरीबी घटाउन तथा दिगो विकास गर्ने साझा उद्देश्य रहेको छ । हाम्रो लक्ष्य प्राप्ति गर्न र मानिसहरुको जीवनमा दीर्घकालीन सुधार ल्याउनको लागि मानव अधिकारको उल्लंघन, शारीरिक यातना, हिंसा तथा आर्थिक, सामाजिक एवं वातावरणीय असन्तुलन, क्षेत्रीय तथा सार्वभौमिकतामाथि आईपर्ने खतराहरुबाट सुरक्षा प्रदान गर्ने अत्यावश्यक पूर्व शर्तहरु हुन भन्ने विश्वास गर्दछौं ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको एक प्रमुख सवल पक्ष भनेको नै यसको विविधता हो । अगैससंहरुको विशिष्ट लक्ष्य, मूल्य, मान्यता, नीति तथा काम गर्ने तरीकाहरुमा भएका विविधताबाट हामी धेरै कुरा सिक्दछौं । यस दस्तावेजले नेपालका अगैससंहरुका साझा निर्देशक सिद्धान्तहरु र मान्यताहरुको उल्लेख गर्दछ ।

हामी गैरसरकारी संस्थाहरुको विश्वव्यापी आन्दोलनका मूल्य-मान्यता तथा यसका अत्यावश्यकीय विविधताप्रति आफ्नो विश्वास प्रकट गर्दछौं ।

**निर्देशक सिद्धान्तहरु**

हामी अन्तर्राष्ट्रियस्तरमा परिभाषित मानव अधिकारका सिद्धान्त तथा मापदण्डबाट निर्देशित छौं । हामी जातीय, लैंगिक, राष्ट्रियता, राजनैतिक विचारधारा, सम्प्रदाय, अपाङ्गता वा धार्मिक भेदभाव नगरी र नराखी आफ्ना कार्यक्रम सञ्चालन गर्दछौं । समानताका यी सिद्धान्तहरुलाई अपनाउँदै कहिलेकाहीं विशेष कार्यक्रमहरु गरीब तथा उत्पीडित जनजातिहरुको लागि लक्षित गरी सञ्चालन गरिन्छ, जसबाट गरीब तथा पछाडि पारिएको समुदायहरुलाई फाइदा हुन्छ ।

हामी नेपालका जनताहरु विशेषगरी विपन्न तथा उत्पीडित वर्गको जीवनस्तरमा सुधार ल्याउनको लागि सहयोग गर्न नेपालमा कार्यरत छौं । हाम्रो सहयोग गरीबी निवारण गर्न, विपन्न तथा उत्पीडित जनताका तात्कालिक आवश्यकताहरु पूरा गर्न र त्यस्ता समुदायहरुलाई आत्मनिर्भर बनाई उनीहरुको सशक्तिकरण गर्नमा केन्द्रित हुनेछ । हामी हाम्रो सहायताले भेदभाव, सामाजिक उपेक्षा तथा अन्याय समाधान गरोस् भन्ने चाहन्छौं ।

हामी औचित्य हेरी आफ्ना कार्यक्रमहरुको योजना र कार्यान्वयन स्थानीय समुदायहरुसंग वा स्थानीय सरकारी निकायहरु मार्फत साझेदारीमा गर्दछौं ।

हाम्रा कार्यक्रमहरुको बृहत्तर स्वामित्वको लागि हामी पारदर्शी तथा उत्तरदायी बन्न चाहन्छौं । साथै हामी सबै तहका साझेदारहरुसंग हाम्रा आकांक्षाहरु संचार गर्न तथा वार्तालाई फराकिलो र गहन बनाउन चाहन्छौं ।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुका रुपमा हामी यो मान्छौं कि सबै किसिमको सहयोग र सहायताले द्वन्द्व र संघर्षको स्थितिहरुलाई प्रभावित पार्दछ र शान्तिका लागि प्रोत्साहन र दुरुत्साहान दुवै सिर्जना गर्दछ । हामी हाम्रा कार्यक्रमहरुले प्रजातान्त्रिक प्रणालीलाई सुदृढ गर्न सकोस् भन्ने चाहन्छौं जसबाट द्वन्द्व वा विवादको शान्तिपूर्ण वा अहिंसात्मक समाधान गर्न मद्दत पुगोस् ।

यी सिद्धान्तहरुको पालना गर्दै हामी एकआपसमा समन्वय तथा सूचना प्रवाह गर्ने र एकपक्षीय रुपमा काम नगर्ने कुरामा प्रतिबद्ध छौं ।

---

**कार्य सञ्चालन** (के गर्ने र के नगर्ने)

*के गर्ने*

१. हामी आफूले काम गर्ने वा गरिरहेका समुदायको संस्कृति, संरचना तथा परम्पराहरुको सम्मान गर्दै अगाडि बढ्छौं ।

२. हामी आफ्ना समस्त कार्यक्रमहरुमा महिला, पुरुष, युवा तथा बालबालिका सबैलाई सम्लग्न गराई समुदायको पूर्ण सहभागिता गराउने प्रयत्न गर्नेछौं ।

३. हामी आफ्ना कार्यक्रमका कृयाकलापहरुको उचित अनुगमन तथा नियमित रुपमा समीक्षा गर्ने छौं ।

४. हामी खुल्ला रुपमा आफ्नो कामको प्रभाव तथा त्यसलाई घटाउने वा बढाउने तत्वहरुबारे नियमित रुपमा जानकारी प्रस्तुत गर्नेछौं ।

५. हाम्रा कार्यक्रमहरु उच्चस्तरीय व्यवसायिकता तथा कर्मचारीहरुका उच्च प्रतिवद्धतामा आधारित हुनेछन् जसले अमूल्य स्रोतहरु खेरजान वा वरबाद हुनबाट जोगियोस् ।

६. हामी आफ्ना कर्मचारी, साझेदार वा परियोजनाका सहभागीहरुलाई खतरा नपर्ने गरी कार्य सञ्चालन गर्नेछौं ।

७. हामी हाम्रो संस्थाको प्रकृति अनुसार संस्थाका सदस्य, संरचना, कार्यक्षेत्र वा दाताहरुप्रति आर्थिकरुपले जिम्मेवारी निर्वाह गर्छौं । हामी आफ्ना सबै कारोवारको चाहेको बेलामा कुनै पनि हिसाबकिताब हेर्न सक्ने र उपलब्ध हुने गरी आर्थिक नीतिनियम तथा लेखापरीक्षण प्रक्रियाको कार्यान्वयन गर्छौं ।

८. हामी सशस्त्र तथा पोशाकमा रहेका व्यक्तिहरुलाई (uniformed) अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा तिनका साझेदारहरुका सवारी साधनमा सवार हुन हतोत्साही गर्नेछौं ।

*के नगर्ने*

१. हामी यस्तो वातावारणमा काम गर्ने छैनौं जहाँ जिम्मेवार निकाय वा समुदायसंग हामी वा हाम्रा कर्मचारीहरुले हाम्रो मूल सिद्धान्त तथा नीतिसंग सम्झौता गर्नुपर्ने अवस्था हुन्छ ।

२. हामी आफ्नो कर्मचारी नियुक्ति प्रणालीलाई राजनैतिक, जातीय वा धार्मिक कुराबाट प्रभावित हुन दिने छैनौं । हामी योग्यता, शिक्षा तथा परिभाषित पदको उपयुक्तताका साथै समान अवसरका सिद्धान्तका आधारमा कर्मचारी नियुक्त गर्नेछौं ।

३. हामी अपहरण गरिएका कर्मचारीहरुका लागि फिरौती रकम तिर्ने छैनौं । कुनै कर्मचारी अपहरित भएको खण्डमा हामी वार्ता तथा अहिंसाका (शान्तिपूर्ण) हरेक माध्यमबाट छुटाउने हरसम्भव प्रयास गर्नेछौं ।

४. हामी कुनै पनि दललाई कुनै संरक्षण रकम (Protection money) अथवा कुनै पनि किसिमको बलजफ्ती नगद वा जिन्सी प्रदान गर्ने छैनौं ।

५. हामी कुनै पनि राजनैतिक पार्टी वा कुनै पनि प्रकारको राजनैतिक क्रियाकलापलाई योगदान दिने, समर्थन वा सहयोग गर्ने छैनौं ।

६. हामी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका उपकरण वा सामानहरु कार्यक्रममा उल्लिखित उद्देश्यहरुबाहेकका काममा लगाउन दिने छैनौं ।

७. हाम्रा कर्मचारीहरुलाई आफूलाई त्रसित बनाइएको वा धम्काइएको वा उनीहरुलाई लगाईएको काम गर्न असमर्थ भएको लागेमा उनीहरु परियोजना क्षेत्र छाड्न सुसुचित तथा सक्षम छन् ।

हामी आफू काम गरिरहेको जिल्ला तथा समुदायका सबै प्रमुख सरोकारवालाहरुसंग रचनात्मक सम्वाद गर्ने हरेक अवसर खोज्नेछौं । वास्तवमा, यी सिद्धान्तहरु तथा सञ्चालनका निर्देशनहरु तथा यिनलाई निर्देशित गर्ने अन्तर्राष्ट्रिय सिद्धान्त एवं मानवाधिकारका मापदण्डहरुको छलफलले नेपालको उच्चतम हित तथा यसको विकासका लागि झन सशक्त तथा सार्थक साझेदारी निर्माण गर्न योगदान गर्ने छ भन्ने कुरामा हामी आशावादी छौं ।

---

*अगैससं (नेपालस्थित अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको संगठन) नेपालमा कार्यरत ५० भन्दा बढी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको अनौपचारिक संगठन हो ।*